# मिति २०७९ भाद्र१६ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको दोस्रो वैठकका निर्णयहरु

मन्थली नगर कार्यपालिकाको कार्यालय, रामेछाप
मन्थली, बागमती प्रदेश, नेपाल

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । बैठकका निर्णय प्राथमिकताका साथ कार्यान्वयनका प्रक्रियामा रहेको पाईयो ।

निर्णय नं. २

मन्थली नगरपालिका क्षेत्रभित्र रहेका गरीब, विपन्न असहायहरु, कडा रोग लागेका, दुर्घटनामा परेका, प्राकृतिक तथा मानवीय विपत्तिका कारण धनजनको क्षति भएका, ठूलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संस्थाहरुसँगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थित गर्न मन्थली नगरपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि २०७९ परिमार्जन सहित पारित गर्ने ।

निर्णय नं. ३

मन्थली नगरपालिकाको साझेदारी ऐन २०७९ मा भएको व्यवस्था अनुसार नगरमा लगानी साझेदार कार्यक्रम सञ्चालनलाई व्यवस्थित गर्न मन्थली नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ परिमार्जन सहित पारित गर्ने ।

निर्णय नं. ४

भू-उपयोग ऐन २०७६ को दफा २० को उपदफा (१)(घ) मा उल्लेखित भू-उपयोग कार्यान्वयन समितिमा देहाय बमोजिमका सदस्यहरु चयन गर्ने

१. निलकण्ठ श्रेष्ठ मनपा ४

२. दिपक दाहाल मनपा १

३. क्रमला जिरेल मगर मनपा ११

४. नकलक्ष्मी श्रेष्ठ मनपा १०

...राज पौडेल
...त अधिकृत

निर्णय नं. ५

बागमती प्रदेश सरकारबाट जारी स्थानीय तहका सेवाको गठन तथा सञ्चालन अध्यादेश २०७९ को दफा ६ (३) मा स्थानीय निकायको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ती भई स्थानीय तहको सोही तहको पदमा समायोजन भएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेका र पाँच वर्ष सेवा अवधी पुरा भएका कर्मचारीलाई एक तह माथिको पदमा कायम गरिने व्यवस्था भए बमोजिम यस दफा बमोजिमका योग्यता हासिल गरेका यस नगरपालिकामा कार्यरत देहायका कर्मचारीलाई सातौं तहमा तह कायम गर्ने ।

| सि.नं. | नाम थर | हाल कार्यरत रहेको तह | कायम गरिएको तह |
|---|---|---|---|
| १ | ईन्जिनियर श्री डिल्ली वहादुर अधिकारी | अधिकृत छैठौं | अधिकृत सातौं |
| २ | अधिकृत श्री गोविन्द कुमार कटेल | अधिकृत छैठौं | अधिकृत सातौं |

निर्णय नं. ६

यस नगरपालिकाबाट चालु आ.व.मा सञ्चालन हुने योजना तथा कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको कार्यतालिका पारित गर्ने ।

| सि.नं. | कार्यक्रमको विवरण | समय तालिका |
|---|---|---|
| १ | उपभोक्ता भेला र समिति गठन | असोज मसान्तसम्म |
| २ | योजना सम्झौता | मंसिर मसान्तसम्म |
| ३ | योजना सम्पन्न र फरफारक | चैत्र १५ गते सम्म |

निर्णय नं. ७

यस नगरपालिका र नगरपालिका अन्तर्गतका कार्यालयमा कार्यरत स्थानीय तहतर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने ।

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८

नगर युवा परिषद सञ्चालन कार्यविधि २०७८ को दफा ५ बमोजिम चयन भएको उपाध्यक्षलाई नगर कार्यपालिकाको कार्यालयमा नियमित हाजिरी गराई प्रचलित नियमानुसार पारिश्रमिक उपलव्ध गराउने ।

निर्णय नं. ९

नगरभित्र रहेका सार्वजनिक जग्गाहरुको संरक्षण र अभिलेख व्यवस्थापनको कार्यका साथै सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाहरुको जिन्सी अभिलेख चुस्त दुरुस्त राखी नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने ।

२०७८।५।१८

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत